# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

## आठविसकोट नगरपालिका

रुकुम(पश्चिाम)

कर्णाली प्रदेश, नेपाल

२०७९

नगर सभाको बैठकमा मिति २०७९ साल असार ०८ गते बुधवार नगर प्रमुख श्री रवि के.सी. ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८०को
# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम), कर्णाली प्रदेश

नेपाल

२०७८

# प्रारम्भ

आर्थिक सम्बृद्धि तथा सामाजिक-सांस्कृतिक रुपान्तरणको प्रयास थालनी गर्ने दृढ विश्वासका साथ आर्थिक वर्ष २०७९ /०८०को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।नेपालको संबिधान (२०७२) ले स्थानीय तह गठन गरेपछिको दोस्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु । यस अवसरमा लोकतान्त्रिक गणतन्त्रको स्थापना, समाबेशीता, स्वतन्त्रता, धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धीहरुको लागि आफ्नो जीवनको कुर्वानी गर्नुहुने जनयुद्ध , जनआन्दोलन र मधेश आन्दोलनका महान सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन ब्यक्त गर्दछु । सबै घाईते योद्धाहरु प्रति कृतज्ञता सहित उच्च सम्मान ब्यक्त गर्दछु । हामीलाई नगरको नेतृत्व गर्ने अवसर दिनुहुने तथा निरन्तर साथ र सहयोग गर्नुहुने सबै नगरबासीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

**माननिय सदस्य ज्यूहरु ,**

हामीले संघियता कार्यान्वयनको क्रममा आठबिसकोट नगर पालिकाको नेतृत्व गर्ने सु-अवसर प्राप्त गर्यौं । यो अवसरलाई नगरको हितमा प्रयोग गर्न हामीले अथक प्रयास निरन्तर जारी राख्नेछौं । सर्वप्रथम म दोस्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा बिगतका वर्षका नीति तथा कार्यक्रमको कार्यान्वयनको संक्षिप्त समिक्षा पेश गर्न चाहन्छु :-

## <u>१) सामाजिक बिकासको क्षेत्र</u>

**क. शिक्षाः-** आर्थिक वर्ष २०७८/७९ मा यस नगरपालिकामा रहेका गरिब तथा जेहान्दार विद्यार्थीहरु मध्ये १ जना एम.वि.वि.एस, १ जना फार्मेसी, ५ जना एच.ए.१जना पशुविज्ञान,३ जना कृषि तथा बालीविज्ञान, १ जना आर्केटेक्चर २ जना सर्वे, ५ जना सिभिल ओभरसियर,७ जना आइ.टि. गरी २६ जनाले छात्रवृति कोटामा अध्ययन गरिरहेका छन् । यस शैक्षिक सत्रमा कक्षा ८ मा जम्मा ५३९ जना विद्यार्थी परीक्षामा समावेश भएकोमा ८०.५२ % उतिर्ण भएका छन भने कक्षा ५ मा १०१७ विद्यार्थीहरु वार्षिक परीक्षा समावेश भएकोमा जम्मा ८७४ जना विद्यार्थीहरु अर्थात ८५.९३ % विद्यार्थी उतिर्ण भएका छन ।कोभिड माहामारीको विचमा पनि यहाँका विद्यार्थीहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा असर नपरोस भनेर यसै

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

आर्थिक वर्षमा ५६ जना मनोपरामर्शदाता, ७ जना स्वास्थ्य तथा सरसफाइ सहजकर्ता, १२ जना पोषण सहजकर्ता र ६ जना सरसफाइ सहयोगी नियुक्ति गरी विद्यालयहरुमा कोभिड-१९ को जानकारी तथा बच्ने उपायहरुको बारेमा जनचेतना फैलाउने, विद्यालयहरुमा WASH सामग्रीहरुको विकास तथा मर्मत गरी साबुनपानीले हात धुने बानीको विकास, मास्कको सही प्रयोग र घर तथा विद्यालयहरुमा पोषणयुक्त खाना खानुपर्छ भन्नेक धारणाको विकास भएको छ । यस नगरपालिका स्थापना हुनु भन्दा पहिला यस क्षेत्रको शिक्षामा अति न्यून संख्यामा मात्र मानिसहरुको उपस्थिति रहेको थियो ।हाल नगरपालिका बने पश्चाकत धेरै संख्यामा बालबालिकाहरुको विद्यालयहरुको पहूँचमा रहेको छ । यस नगरपालिकामा विद्यालयहरुको भौतिक संरचना कमजोर तथा अति जिर्ण रहेकोमा हाल नगरपालिका बनि सके पश्चा्त हाल सम्म २९ वटा विद्यालय र १११ वटा कक्षाकोठा निर्माण सम्पन्ना भइ प्रयोगमा आइसकेका छन् भने १३ वटा भवन केही निर्माण सम्पन्ना भएर फिनिसिङ गरी प्रयोगमा आउन बाँकी रहेका छन् ।यस आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तगर्त श्री शहिद स्मृति नमुना विद्यालयमा ४ कोठे, श्री जनजागरण मा.वि. गाउँबारीमा २ कोठे श्री सरस्वती आधारभूत विद्यालय फर्साचौरमा २ कोठे, श्री जनज्योती आधारभूत विद्यालयमा २ कोठे, श्री सरस्वती आधाभूत विद्यालय मिग्रीमा ४ कोठे,श्री सरस्वती आधारभूत विद्यालय मैडाडाँमा २ कोठे, श्री जनविकास माध्यमिक विद्यालयमा २ कोठे र श्री ज्ञानोदय माध्यमिक विद्यालय चौतारामा २ कोठे भवन निर्माण भैरहेको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम यस नगरपालिकाको श्री ज्ञानोदय माध्यमिक विद्यालय छनौटमा परी त्यस विद्यालयले तरकारी खेती तथा पशुपन्छी पालन शुरु गरेको जसबाट अब बालबालिकाहरु आफुले प्राप्त गरेको ज्ञानलाई सिप सँग जोडी व्यवशायिक भएर आत्म निर्भर हुनेमा विश्वातस गर्न सकिन्छ । भौगोलिक रुपमा विकट रहेकाले बालबालिकाहरुलाई शिक्षाको मौलिक हक प्रदान गरी शिक्षामा पहुँचमा पुर्याहउन विद्यालयहरुको संख्या हाल ६५ वटा रहेका छन् ।जसमा माध्यमिक तह १८ वटा नि.मा.वि. तह २१ प्रा.वि. तह ४८ वटा, विद्यालय बाहिर छुट्टै बालविकास केन्द्र ६ वटा, विशेष शिक्षा स्रोत कक्षा र ५ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन् । यस नगरपालिका नेपालको दोस्रो ठुलो नगरपालिका हो ।यस नगरपालिकामा स्थायी शिक्षक दरबन्दी संख्या मा.वि.मा ५ जना र मा.वि. राहत १० जना र

उ.मा.वि.४ जना गरी जम्मा १९ जना रहेका छन्।नि.मा.वि.मा. स्थायी ११ जना, अस्थायी २ जना, राहत १७ जना र अनुदान ४ जना गरी जम्मा ३४ जना रहेका छन् ।प्रा.वि. तहमा स्थायी ७३ जना, अस्थायी १२ जना, राहत ३५ जना गरी जम्मा १२० जना शिक्षक रहेका छन् ।यस नगरपालिकामा शिक्षक दरबन्दी न्यून रहेकाले विद्यालयहरु सञ्चागलनमा कठिनाइ भएकोले हाल नगरपालिकाबाट करार शिक्षक दरबन्दी कायम गरी शिक्षण सिकाइ क्रियाकलापमा सहज बनाएको देखिन्छ ।आठौं अनुगमन प्रतिवेदन अनुसार यस नगरपालिका भित्र १३५६१ जना विद्यार्थीहरु शिक्षाको पहुँचमा पुगेको देखिन्छ । करार शिक्षक दरबन्दी संख्या मा.वि. तहमा ४४ जना, नि.मा.वि. तहमा ८१ जना, प्रा.वि. तहमा २७ जना र बालविकास तहमा ३१ जना गरी जम्मा १८३ जना नगर करार शिक्षक कार्यरत रहेका छन । विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुर्याउन यस आर्थिक वर्षमा प्रारम्भिक बालविकास केन्द्रका सहजकर्तालाई CTF नेपालबाट प्रशिक्षकहरु बोलाएर तालिममा प्रशिक्षण गराउदा शिक्षण सिकाइमा सुधार भएको पाइएको छ । यस शैक्षिक सत्रमा IEMIS मा विद्यार्थीहरुको विवरण प्रविष्टि गर्न विद्यालयहरुका शिक्षकहरुलाई तालिम तथा पूर्णताजकी तालिम सञ्चाथलन गरिएको थियो जसबाट विद्यार्थीहरुको सही विवरण प्राप्त भएको पाइएको छ ।

नगरपालिकामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारहरुको अभाव, भौगोलिक विकटता, सुचना प्रविधिको अप्रयाप्तता, शिक्षक दरवन्दीको अभाव, गरिबी, वेरोजगारी, जनचेतनाको कमीका कारण नगरपालिकाका आशातित उपलब्धिका वाधक हुन ।तथापि यस नगरपालिकाले हालसम्म गरेका प्रयास र उपलब्धिहरुलाई केलाएर हेर्दा भविष्यमा यस नगरपालिकाबाट राज्यका विभिन्न क्षेत्रमा योगदान गर्न सक्ने दक्ष जनशक्ति तयार हुने आधार खडा भएको दावी गर्न सकिन्छ ।

**ख. स्वास्थ्यः-**

स्वास्थ्य बिषयको संवेदनशीलतालाई बुझेर आठविसकोट नगरपालिकाले यसलाई विगतका बर्षहरुमा दोस्रो प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तय गर्ने गरेको थियो । आठविसकोट नगरपालिका स्थापना हुनुपूर्व आठविसकोट नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी र जम्मा जम्मी २१ जना मात्र स्वास्थ्यकर्मी रहेका थिए । ती स्वास्थ्य संस्थाहरुको

कमजोर व्यवस्थापन थियो र आम जनताको पहुच बाहिर रहेका थिए र ती संस्थाहरुले जनताको आधारभूत स्वास्थ्य आवश्यकता धान्न सक्ने स्थिति थिएन । भौगोलिक विकटता , समाजमा व्याप्त अन्धविश्वास तथा स्वास्थ्य सम्बन्धी गलत धारणा र व्यवहारको कारण आम नगरबासी बर्षेनी सरुवा रोगको महामारीले आक्रान्त हुने गर्थे ।

नगरपालिका स्थापना भएपश्चात स्वास्थ्य क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखेर पहिलो कार्यकालमा नगरपालिकाले ५ वटा स्वास्थ्य संस्थालाई विस्तार गरी २४ वटा संस्था बनाइएको थियो । ९ वटा आधारभूत स्वास्थ्य सेवाकेन्द्र , नगर अस्पताल आदिको भौतिक पूर्वाधार निर्माण सम्पन्न हुने अवस्थामा छ । गोतामकोट स्वास्थ्यचौकी, स्यालाखदी स्वास्थ्य चौकी, घेत्मा स्वास्थ्य चौकी र नगर अस्पतालमा गरी जम्मा चारवटा संस्थामा बर्थिंग सेवा सुचारु गरिएको छ । यसरीचिकित्सक लगायत९६ जना स्वास्थ्यकर्मी करार सेवामा भर्ना गरी स्वास्थ्यकर्मीको संख्या साबिक २१ बाट बढाएर १२२ जना पुर्याइएको थियो ।

यसरी आम जनताको पहुँचमा स्वास्थ्य सेवा पुर्याइए पश्चात नगरपालिकाको स्वास्थ्य सूचकहरुमा उल्लेख्य सुधार भएको देखिन्छ । **नगरपालिका स्थापनापूर्व ५६ प्रतिशत बालबालिकाले मात्र पूर्ण खोप लगाउने गरेकोमा हाल ८५ प्रतिशत बालबालिकाले पूर्ण खोप पाउने गरेका छन् । ५ बर्षमुनिका बालबालिकामध्ये १८ प्रतिशत बालबालिका कुपोषित हुने गरेकोमा हाल सो दर घटेर ६ प्रतिशतमा झरेको छ । जम्मा ३१ प्रतिशत मात्र आमाहरु संस्थागत रुपमा सुत्केरी हुने गरेकोमा हाल ५४ प्रतिशत आमाहरुले संस्थागत रुपमा सुरक्षित प्रसुति सेवा लिने गरेका छन् । स्वास्थ्य विमा कार्यक्रममार्फत सबै नगरबासीलाई औषधी उपचारमा सहज,सरल र व्यवस्थित गर्ने प्रयास गरिएको छ ।**

**स्थानीय सरकारकव पहिलो कार्यकालमा नेपालकै पहिलो नगर अस्पताल स्थापना** गरी संचालन गरिएको छ । उक्त अस्पतालमा आँखा आयुर्वेद सेवा समेत थप गरी टेलिमेडिसिन सेवा मार्फत विशेषज्ञ उपचार सेवाको पनि शुरुवात गरिएको छ । समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरी आठविसकोट नगरपालिकाको मुख्य स्वास्थ्य समस्या समेत पत्ता लगाउने तथा आम नागरिकलाई उपचार सेवा प्रदान गर्ने गरिएको छ । ५ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सेवा सुचारु गरी अनलाइन डाटाइन्ट्री गर्ने गरिएको छ । नगर अस्पतालमा सफ्टवेयर जडान गरी सहुलियत दरमा औषधी उपलब्ध गराउन सःशुल्क फार्मसी

सेवा पनि संचालनमा ल्याइएको छ । हाल नगर अस्पतालमा टेलिमेडिसिन सेवा मार्फत विशेषज्ञ स्वास्थ्य सेवा पनि सुचारु अवस्थामा छ भने हाडजोर्नी तथा गाइनो सम्बन्धी विशेषज्ञ उपचार तथा अपरेशन सेवा विस्तारका लागि सेटअप गरिदैछ । नगरबासी जनसमुदायको सकृय सहभागिता र नगरपालिकाको नेतृत्वमा निर्मित कोभिड अस्पतालले कोभिड महामारीको सामना गर्न आफूलाई सक्षम साबित गरिनै सकेको छ । आज पनि उपरोक्त तमाम प्रयासका बाबजुद जनतामा स्वास्थ्य चेतनाको कमि , गरिबी र कुपोषण , भौगोलिक बिकटता र दुर्गमताको कारण स्वास्थ्य सेवा लिन कठिनाई हुने जस्ता समस्याहरु बिधमान रहेका छन् ।

उल्लेखित समस्याहरुको सामना गर्दै , नगरले स्वास्थ्य क्षेत्रमा गरेका तमाम प्रयासहरुले नगरबासीको स्वास्थ्यमा पहुँजको स्थितिलाई उल्लेख्य सुधार गरेको छ । स्वास्थ्य संस्थाहरुको रस्वास्थ्यकर्मीहरुको संख्या र सेवा बिस्तार एवं स्तरोन्नती ,माहामारीको सामना गर्न सक्ने क्षमता , स्वास्थ्य पूर्वाधारहरुको निर्माण आदिका दृष्टिले यो नगर कार्यपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका कामहरुको तुलना हाम्रो स्तरका कुनै पनि स्थानीय तह संग हुन सक्दैन, हामी निकै उचाईमा छौं । हामी हाम्रो जिम्मेवारीमा सक्षम र सफल सावित भई नै सकेका छौं । यसको निम्ति आठविसकोट नगर कार्यपालिका गौंरवको महशुस गर्दै पहिलो कार्पालिकाप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**ग. सामाजिक सुरक्षा तथा समावेशीकरण :**

महिलाहरुको सर्वाङ्गिण विकासका लागि विभिन्न क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन गरीएको छ । जसमा सिलाईकटाई मेशिन खरिद तथा वितरण, एकल महिलाहरुलाई हिल ट्याङ्की वितरण, जुठ्यान व्यवस्थापन, वडा नं २ मा बर्थिङ सेन्टर निर्माण, वडा नं. २ र ३ मा महिला सामुदायिक भवन निर्माण, सबै वडाहरुमा महिला हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन, अन्तर्राष्ट्रिय नारी दिवस लगायतका महिलाहरुको क्षमता अभिवृद्धि गर्ने तथा सुरक्षासँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने गरिएका छन । सबै वडाहरुमा महिला हिंसा, बालविवाह तथा जातिय भेदभाव न्यूनीकरणसँग सम्बन्धी सडक नाटक प्रदशर्नन, महिला तथा अपाङ्ग रेडियो आवाज कार्यक्रम सञ्चालन गरिएको छ भने नगरपालिकाको केन्द्रमा ज्येष्ठ नागरिक आवास गृह निर्माण, विभिन्न धार्मिक क्षेत्रको विकास र संरक्षणका लागि मन्दिर र चर्च निर्माण तथा व्यवस्थापन गरीएको छ । सहिद परिवारहरुलाई सम्मान

तथा सामग्री वितरण गरिएको छ । दलित प्रोफाइल निर्माण गरीनुका साथै दलित तथा आदिवासी जनजाति समूदायको ऐतिहासिक संस्कृति झल्किने पोसाक तथा बाजागाजा खरिद लगायतका लक्षित वर्गको हितका लागि सबै वडाहरुमा वडास्तरिय कार्यक्रमहरु सम्पन्न भएको छ । सामाजिक समावेशीकरणको नीति कार्यान्वयनका निम्ति यस नगरको पहिलो कार्यकालको कार्यपालिकामा ५० % दलित समुदायको प्रतिनिधित्व रहेको थियो । यसरी नै महिला तथा जनजातिको पनि सहभागीता रहनु पनि नगरपालिकाको लागी गौरवको विषय बन्न पुगेको छ ।

## <u>२. पूर्वाधार बिकास क्षेत्र :-</u>

### क)**सडक तथा यातातात (झोलुंगे पुल र ट्रस पुल समेत):-**

स्थानीय सरकारको पहिलो कार्यकाल शुरु हुँदैगर्दा नगरपालिका पू र्वाधार विकासको हिसावले प्रारम्भिक अवस्थामा थियो । राडीज्युला सम्म हिउदमा नदुवाबाट मात्र मोटर बाटोको पहुँच थियो । घेत्मा, ज्यामिरकोट, डाँडाडाउ, गोईरी, स्यानीबार्खु, बार्खु दाजे डाफे, खदि, स्याला आदि दर्जनौं गाँउहरुमा मोटरबाटो थिएन । खोला , नालाहरुमा पुलपुलेसाको निकै गम्भिर समस्या थियो ।

नगर कार्यपालिकाले बिगतका ५ वर्षमा भौतिक पूर्वाधार निर्माणको कामलाई निकै महत्वका साथ अगाडि बढाएको देखिन्छ । स्थानीय तहको पहिलो कार्यकालको अन्तिमसम्म आईपुग्दा साबिकको घेत्मा, आठविसडाँडागाउ र आठविसकोटका सबै जसो मुख्य गाउँ तथा गुम्जा , लाम्पुछर , खापे, फलाँटे ,ढुंगिला जस्ता कुना-कन्दराका बस्तीहरुमा समेत मोटर बाटोको प्रारम्भिक ट्र्याक खोल्ने काम सम्पन्न भएका छन् । तुलनात्मक रुपमा दुर्गम मानिएको साविक स्यालाखदीमा पर्ने वार्ड नं. २ र ३ का मुख्य गाउँ सम्म यहि आर्थिक वर्षको अन्त सम्म मोटर बाटो पुगी सक्नेछ र बाँकी सबै गाउँमा आगामी आर्थिक वर्षको अन्त सम्ममा मोटरबाटो पुग्ने गरि ठेक्का ब्यवस्थापन भै निर्माण कार्य जारी रहेको छ । पाटागाउँमा समेत आगामी आर्थिक वर्षमा मोटर पुर्याउने गरि बजेट ब्यवस्थापनको पहल भईरहेको छ ।साबिक गोतामकोटको छिमि, घर्तिकाँडा बाहेक सबैजसो गाउँमा मोटर बाटो पुगेको छ । बाँकी रहेका यी गाउँहरुमा पनि मोटर बाटो पुर्याउन बजेट ब्यवस्थापनको लागि कार्यपालिकाको ध्यान केन्द्रित भएको छ ।

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

रिम्ना-चिसापानी खण्ड  राष्ट्रियराजमार्गअन्तर्गतपर्ने भएकोले त्यसको स्तरोन्नतिको लागि  ठेक्का ब्यवस्थापन हुने चरणमा रहेको छ । चिसापानी- राडी -नदुवा -मुसिकोट सडक   खण्डप्रदेश सडक अन्तर्गत  रहेको र उक्त सडकको स्तरोन्नती गर्न यस नगर कार्यपालिकाले गरेको बिशेष अनुरोध अनुसार प्रदेशले चिसापानी- राडी- गिजा खण्डको कालोपत्रेको ठेक्का ब्यवस्थापन समेत भै निर्माण कार्य शुरु भएको छ । ठाँटीखोला- मन्मै मोटरपुल यस नगरपालिकाले डि.पी.आर. तयार गरि डोलीडारको प्रदेश कार्यलय मार्फत आ.ब.२०७८/०७९मा ठेक्का ब्यवस्थापन भै निर्माण शुरु हुने सुनिश्चित  भएको छ । सालागाड खोला तथा नरखोला पिपलचौरमा समेत आगामी आर्थिक वर्षमा मोटरपुल निर्माण कार्य शुरु हुने गरि प्रदेश तथा संघिय सरकारका कार्यालयले काम अगाडि बढाएका छन् । दाँजे- खदि सडकको घट्टेखोला चोवाखोला खण्डको बहुबर्षीय ठेक्का ब्यवस्थापनको कार्य हुदैछ ।

यसैगरी  यस अवधीमा १० वटा  झोलुंगे पुल तथा ६ वटा ट्रस पुल गरि १६  पुल एवं  ५ वटा आर.सी.सी. पुल गरि जम्मा  १८वटा पुल निर्माण सम्पन्न भएका छन् । यस अवधिमा नगर सडक यातायात गुरुयोजना समेत निर्माण भै कार्यान्वयनको चरणमा रहेको छ । उक्त योजनाले आ.ब. २०८२/०८३ सम्म सबै वडाको केन्द्र सम्म बाह्रै महिना चल्ने मोटर बाटो निर्माण गरि सक्ने लक्ष्य  लिएको छ र सोहि लक्ष्य अनुसार काम अगाडि बढाईदैछ ।

यसरी पहिलोकार्यपालिकाको कार्यकालमा नगरमा करिब३०० कि.मि. सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ । जुन  नेपालगं ज देखि आठबिसकोट पुग्ने बाटोको हाराहारीमा हो । २० वटा पुल निर्माण सम्पन्न हुदैछन् ।  नगर अस्पतालको भवन निर्माण भइ संचालनमा आएको छ भने अर्को भवन निर्माण प्रकृयामा रहेको छ । शहिद नमूना मा वि को भवन र नगरपालिकाको प्रशासकीय भवन टेन्डर भइ तीव्रतर रुपमा निर्माण प्रकृयमा अगाडि बढेको छ ।राडी बजार ततथा खदीमा ढलनिकासको केही व्यवस्था भएको छ । जनता आवास कार्यक्रममार्फत अति विपन्न घरपरिवारका ३३ घर निर्माण प्रकृयामा रहेका छन् । एकीकृत वस्ती विकास कार्यक्रम मार्फत मन्काबगर र चुर्तिपाखामा ५० घर निर्माण हुदैछन् । राडीज्यूला बजार क्षेत्रको ढल तथा बाटोको स्तोरोन्नती गरी कालोपात्रे समेत गर्नका लागि शहरी विकास मार्फत रु २५ करोड लागतमा निर्माण कार्य अगाडि बढेको छ । सडक तथा

पुलका पूर्वाधारमा भएको यी कामहरुले ग्रामीण जीवनलाई विस्तारै सहज बनाउदैछ । सडक तथा पुल निर्माणको जुन परिमाणमा हामीले काम गर्न सक्यौं यो पनि नेपालका हाम्रो स्तरका अन्य स्थानीय तहहरुसंग तुलनात्मक रुपले धेरै नै माथि छ । नगर कार्यपालिका यी प्राप्त उपलब्धीहरुको लागि गर्व गर्दछ र नगरवासीलाई बधाई तथा धन्यबाद दिन चाहन्छ ।

**ख) सिंचाई, खानेपानी तथा सरसफाईः-**

प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा होली ,चिला,अनाह, चोवाखोला, भेरीखोला,सालागार खोला, गैरीचौर, चौर लगायतका दर्जन बढी सिंचाई योजनाहरु निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । पिपलचौर सिचाई योजना निर्माण सम्पन्न भई सकेको छ । नगरपालिका आफैले गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना , धागेछरी खानेपानी योजना तथा प्रत्येक वडामा दर्जनौ साना सिचाई योजनाहरु कार्यान्वयन मारहेका छन् । **एक घर एक धारा** अन्तर्गत १४ वटैका बस्तीहरु मा आयोजनाहरु अगा डी बढेका छन् । सुधारीएको चुलो, भान्साघर सुधार आदि जस्ता सरसफाई का योजनाहरु अगाडि बढाईएको छ । वास प्लान(WASH Plan)निर्माण गरि कार्यान्वयनको चरणमा रहेको छ ।

**ग) जलविद्युत तथा वैकल्पिक उर्जा-**

पहिलो स्थानीय तहको निर्वाचन अगाडि गोतामकोटको केहि भाग र घारीखोलाको गाउँमा मात्र विद्युत ब्यवस्था थियो । नगरपालिकाको केन्द्र राडी बजार देखि , सबै गाउँहरु अन्धकार नै थिए । नगरपालिकाको केन्द्रमा मोवाईल चार्ज गर्ने स्थिति नै थिएन । नगरपालिका स्थापना भए लगत्तै हाम्रा आफ्नै श्रोतले गिजागाड तथा बुदबुदेखोला विद्युतगृह निर्माण गरि संचालनमा ल्याइएको थियो । बैकल्पीक ऊर्जामार्फत निर्माण को था लनी भई सम्पन्न हुन नसकेका खारखाराखोला र सालागाड खोलाको विद्युतमा नगरपालिकाको थप लगानीमा संचालनमा ल्या यो । जसले गर्दा नगरपालिकाको मुख्य केन्द्र र आसपासमा बिधुतिकरण गर्न संभव भयो । नगरपालिकाका विकट क्षेत्रहरु, जहाँ जलविद्युत उत्पादन र वितरणको सम्भावना नभएका ठाउहरुका घर, विद्यालय, अस्पतालहरुमा वैकल्पिक उर्जाको रुपमा **तीन हजार** थान सौर्य विद्युत प्रणाली वितरण गरियो । हाल केन्द्रिय विद्युत लाईन राडीबजार क्षेत्र र खदी जस्तो दुर्गम ठाउँमा बिस्तारको भएको छ भने अन्य वडा तथा स्थानमा विस्तार गर्ने कार्य कोभिड -१९ को कारण केहि ढिला भए तापनि काम तिब्र

गतिमा अगाडि बढेको छ । यहि नगर कार्यपालिकाको कार्यकाल भित्र नगरका सबै गाउँ-वस्तीमा केन्द्रिय विद्युत लाईनको विस्तार हुदैछ । विद्युत बिहिन अवस्थाबाट नेपालकै दोश्रो ठूलो नगरपालिकाका सबै गाँउहरुमा २ वर्ष भित्र विद्युतिकरण गर्ने काम सम्पन्न हुँदैछ । नगरपालिकाले अबउज्यालो युगमा प्रबेश गर्दैछ । यो हाम्रो लागि गौरव गर्न लायक उपलब्धी हुनेछ ।

**घ)सूचना तथा संचारः-**

आज हाम्रो सामु सूचना संचारका कठिनाईहरु छन् । स्थानीय तहको पहिलो निर्वाचन अगाडि झन सूचना संचारको अवस्था अझ कहाली लाग्दो थियो । पहिलो कार्यपालिकाको कार्यकालमा आठबिसकोट टावरको नाममा जाजरकोटको गरालामा नयाँ टावर निर्माण गरी संचालनमा ल्याईएको छ । जुन टावरको निर्माण र संचालनले गोतामकोट तथा भगवतीमा रहेको टावरको क्षमताबृद्धि गर्न मद्दत गर्यो र गोतामकोट , खदि र स्यालाको फोन सेवामा सुधार ल्यायो । गोतामकोटको ठानाथलामा तथा घेत्मामा ठूला टावरहरु निर्माण सम्पन्न भै संचालनमा आएका छन । नेटीलेख टावरको नाममा वार्ड नं.१ को थुममा टावर निर्माण भइ संचालनमा आएको छ । घेत्माको टावरमाविद्युत आपूर्तिको ब्यवस्था गरि पूर्ण क्षमतामा चलाउने प्रयास अन्तिम चरणमा पुग्दैछ । राडीज्युलासम्मको लागि फोर जी र अप्टीकल फाईवरको लाईन विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ ।

नगरपालिकाले नेपाल टेलिकमसंग निरन्तर गरेको अनुरोधले यी कामहरु संभव भएका हुन् । आ.ब.२०७९/०८०भित्र सुचना तथा सञ्चार क्षेत्रमा जारी रहेका सबै कामहरु सम्पन्न हुनेछन् र सूचना संचारको हिसावले नगरपालिका सुदृढ हुनेछ ।

## ३) <u>आर्थिक क्षेत्रः-</u>

**क.कृषि तथा पशुपालनः-**

आठविसकोट नगरपालिकाले कृषी क्षेत्रलाई सुरु देखि नै निकै महत्व दिदै आएको छ । कृषिलाई निर्वाह मूखी अवस्थाबाट निर्यातमूखी बनाउने सन्दर्भमा यस नगरपालिकाले

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

फलफुल खेतीको विस्तारमा विशेष जोड गरेको छ ।  नगरपालिकामा ३० हजार किविका विरुवाको विरुवा वितरण भई व्यावसायिक उत्पादन सुरु भएको छ । आ.व. २०७८/७९ बाट किवि निकासी हुने स्थितिमा पुगेको छ । ५० हजार भन्दा बढी स्थानीय र टर्कीस ओखर विरुवाको वितरण भई खेती कार्य अगाडी बढेको छ । अदुवा, सुन्तला, कागति, टीमुर, अलैची लगायत विभिन्न फलफुल र मसालाजन्य खेतीको अगाडी बढेको छ । विभिन्न सिजनल रोग तथा प्रकोपहरुको नियन्त्रणको लागी उपचार प्रक्रिया जारी छ । उन्नत जातको भेडा, बाख्रा वितरणहरु लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ । पशुपन्छीहरुको खोप कार्यक्रम निरन्तर जारी छ । पशुपन्छी तथा बोट विरुवाको नश्ल सुधार कार्यक्रम अगाडी बढाइएको छ । दुध उत्पादनका लागि भैंसीपालन व्यवसायलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरु जारी छन । कृषकहरुको हितलाई ध्यानमा राखी सहुलियतपूर्ण कर्जा कार्यक्रम अगाडी बढाइएको छ ।

**ख. उद्योगः-**

नगरपालिकाले कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापनालाई सुरु देखी नै महत्वका साथ अगाडी बढाएको छ ।यस क्रममा फलफुलमा आधारित कर्णाली वेभरेजले स्थानीय फलफुलबाट वाईनको  उत्पादन सुरु गरेको छ । मसाला उद्योगले आफ्नो उत्पादन सुरु गरेको छ । आगामी आ.व. को पहिलो चौमासिक देखि दुध संकलन केन्द्र र काष्ठ उद्योगबाट उत्पादन सुरु हुनेछ । ग्रामेन्ट तथा ड्राइफुड जस्ता उद्योगहरु पनि सञ्चालनको क्रममा रहेका छन । यी उद्योगहरुले ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने छ ।

**ग. पर्यटनः-**

समग्र पर्यटन क्षेत्रको पहिचान गरी पर्यटन पूर्वाधारको विकास गर्ने सन्दर्भमा नगरपालिकाले निरन्तर प्रयास जारी राखेको छ । यस क्रममा आत्रेय ऋषीको आश्रम स्थल गोतामकोट नेपाल भित्रका १०० पर्यटकिय गन्तव्य स्थल भित्र पर्न सफल भई पर्यटकहरु आउने क्रमको थालनी भएको छ । उक्त क्षेत्रमा पर्यटन पूर्वाधारको विकासक्रम सुरु भएकोमा कोभिड-१९ को कारण केही ढीला हुन पुगे तापनि हालै संघीय सरकारसँगको साझेदारीमा सो क्षेत्रको विकासको लागी सार्वजनिक खरिद ऐन/नियमावली ठेक्का व्यवस्थापन

हुँदैछ । वडा नं १ र २ को साईकुमारी, काँडादह क्षेत्रको विकासमा नगरपालिकाले नगरपालिकाले लगानी गर्दै आएको छ । साईकुमारी क्षेत्र विकास अन्तरगत मुख्य मन्दिर चालु आ.व. को अन्तिमसम्म निर्माण सम्पन्न हुँदैछ । उक्त क्षेत्र नगरपालिका  क्षेत्र भित्रको सुन्दर पर्यटकिय गन्तव्यको रुपमा विकास हुने क्रममा छ । लामकाने गुफा, साततले गुफा लगायतका क्षेत्रहरुमा पनि पर्यटकिय पूर्वाधार बनाउने प्रक्रियाको थालनी भएको छ । कोभिड कहरको वीचमा पनि पर्यटकिय क्षेत्रलाई देश व्यापी चिनाउने र पर्यटक आकर्षित गर्ने सवालमा नगरपालिकाले महत्वपूर्ण सफलता हात पारेको छ ।

## ४) **वन, वातावरण तथा विपद व्यवस्थापन**ः

### क. विपद व्यवस्थापनः-

यो नगरपालिका प्राकृतिक विपदको दृष्टिले उच्च जोखिममा रहेको छ। तसर्थ, विपद् जोखिम न्यूनिकरण गर्न विपद् जोखिम पूर्वतयारी तथा विपदप्रतिकार्य योजना निर्माण, स्थानीय विपद ब्यबस्थापन सम्बन्धी कार्यविधि निर्माण भई **आपतकालीन कार्य संचालनकेन्द्र**को गठन तथा सञ्चालनमा आएको छ। ठूलीभेरी नदीकिनाराका बस्तीहरु, गिजागाडखोला तथा खारखारा खोलाहरुमा आएको बाढीको कारण हुने र हुन सक्ने संभावित जोखिम र क्षति न्यूनिकरण गर्न नदि नियन्त्रण तथा तटबन्धनको कार्यलाई संघीय तथा प्रदेश सरकार समेतको सहयोगमा प्राथमिकता साथ प्रत्येक आ .ब.मा अगाडी बढाईएको छ । विपद् व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमण, रोकथाम र नियन्त्रणको लागि नगरपालिकाले सुरुवाती चरणदेखिनै निकै क्रियाशिल भई काम गर्दै आएको छ । बाहिरबाट आउने नागरिकहरुको लागि क्वारेन्टाईन व्यवस्थापन, पि.सि.आर परिक्षण, राहत वितरण, श्रम सहकार्य समूहमार्फत नगरपालिका क्षेत्रका सम्पूर्ण परिवारलाई समेटी रोजगारीको व्यवस्था र प्रत्ये घरपरिवारलाई ५० के.जी. चामल, मास्क र साबुन लगायतका राहात सामाग्रीहरुकोवितरण ,कृषकहरुलाई तरकारीको बिउविजन वितरण, १० दिनमै सुविधा सम्पन्नर कोभिड आइसोलेसन अस्पतालको निर्माण लगायत का कार्यहरु विगत

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

वर्षदेखि कोरोना माहामारी नियन्त्रणको क्रममापहिलो कार्यकालमा नगर कार्यपालिकाले गरेका केही महत्त्वपूर्ण कार्यहरु हुन।

बाढी पहिरो तथाविपद प्रभावित घरवारबिहीन व्यक्तिहरुको घर पुनर्निर्माणको लागि जम्मा ३८ घरमुली परिवारलाई  नगरपालिकाबाट राहत स्वरूप सहयोग रकम उपलब्ध गराई सकिएको र हाल जिल्ला विपद ब्यबस्थापन समितिको निर्णय  अनुसार घर पुनर्निर्माणको लागि सम्झौता भई जिल्ला प्रशासन कार्यालय  र नगरपालिकाको संयुक्त लगानीमा पुनर्निर्माणको प्रक्रिया सुरु भएको छ ।

आ.ब २०७८/०७९ सम्मजनता आबास कार्यक्रम अन्तर्गत नगरपालिकामा जम्मा ३६ वटा गरिब जनताका घरहरुको निर्माण कार्य सम्पन्न भएको छ  भने ७६ घरहरुको निर्माण प्रकृया अगाडि बढाइएको छ     ।  त्यसैगरीसुरक्षित नागरिक आबास कार्यक्रम अन्तर्गत हाल १६८घरमुलीपरिवारको फुसको छाना हटाई  टिनको छानाफेर्ने कार्य सम्पन्न भएको छ भने करिव १६०० घरपरिवारको लागि फुसको छाना हटाइ टिनको छाना लगाउने कार्य तिव्र रुपमा अगाडि बढेको छ ।

कोभिड-१९को दोश्रो लहरसंगै नगरका ७ जना नागरिकले आफ्नो ज्यान गुमाउनु परेको थियो ।यसको सामना गर्ने क्रममा कोभिड अस्पताल संचालनमा ल्याइयो । उक्त अस्पतालमा हाल सम्म ८३ जनाले उपचार सेवा लिनु भएकोमा ७५ वर्षीय १ जना महिलाको निधन हुन पुगेको छ। र सो अस्पतालबाट रिफर गरिएका अरु ४ जनाको समेत निधन हुन पुगेको छ। बाँकी सबै बिरामीले स्वास्थ्य लाभ प्राप्त गर्नु भएको छ।   कोभिड प्रभावित अतिविपन्न ९५१ घरपरिवारलाई रु १०००० का दरले नगद वितरण गरिएको छ । कोभिड प्रभावित १४५१ जनालाई उद्धार गरि नगरपालिकासम्म ल्याइपुर्याइएको थियो । कोभीड १९ का कारण खाद्यान्न अभाव हुने अवस्थालाई न्युनिकरण गर्न कामका लागि खाद्यान्न कार्यक्रम संचालन गरी १६०० घर परिवारलाई ५० केजीका दरले खाद्यान्न वितरण गरिएको थियो हामीले संचालन गरेको कोभिड आइसोलेसनअस्पताल हाम्रो आवश्यकता धान्न सक्षम सावित भएको छ । बिरामीको उपचार, मृतकको शवव्यवस्थापन, राहतको प्रबन्धआदिमा नगरपालिकाको सक्रियता माथि कहिँकतैबाटप्रश्न् गर्ने ठाउँ छाडीएको छैन ।

**माननिय सदस्य ज्युहरु**

अव म हाम्रा केहि मुख्य मुख्य समस्या र चुनौतीहरुको बारेमा यहाँहरुको ध्यान केन्द्रित गर्न चाहन्छु :-

**<u>समस्या र चुनौतीहरुः-</u>**

(क)संघीय सरकार एवम् प्रदेश सरकारले साझा अधिकार सूची एवम् एकल अधिकार सूचीका विषयमा समयमै कानून नबनाउँदा एवम् कानून निर्माण प्रक्रिया सम्बन्धी कार्यविधिहरु नबनाउँदा स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयहरु कार्यान्वयनमा अन्यौलता कायमै रहेको छ ।

(ख)संघीय सरकार तथा प्रदेश सरकारबाट समयमै बजेट तथा कार्यक्रमको अख्तियारी नआई आर्थिक वर्षको अन्त्यतिर आउँदा ठेक्का प्रक्रिया पूरा गरी आर्थिक वर्षको अन्त्यमा कार्य सम्पन्न हुने अवस्था नभएको एवम् हतारमा गरिएका कार्यहरुबाट अपेक्षित उपलब्धी हासिल नहुने, बजेट दुरुपयोग हुन सक्ने, आयोजनाको गुणस्तर र कामको परिमाण कायम हुन नसक्ने खतरा र वित्तीय जोखिमको अवस्था कायमै रहेको छ ।

(ग)नगरपालिकाभित्र आधारभूत शहरी सुविधाहरु जस्तै : उपयुक्त ल्यान्डफिल साइट तथा फोहर विसर्जन गर्ने ठाउँको समस्या, ढल निकास, वसपार्क, रंगशाला, बाह्रै महिना चल्ने सडक, विभिन्न स्थानहरुमा पक्की पुलहरु नहुनु, भरपर्दो संचार सुविधाको अभाव लगायतका कारणहरुले नगरपालिका एवम् वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु एवम् सेवाप्रवाहमा समस्या उत्पन्न हुने गरेको छ ।

(घ)दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन भएता पनि सेवा प्रवेश तालिम तथा पुनर्ताजकीय तालिमको व्यवस्था नहुदा सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल असर परेको छ । कतिपय राष्ट्रसेवक कर्मचारीहरुमा संघीयताको मर्म तथा भावना अनुरुप काम गर्ने अभिलाषा नहुनु एवम् पर्याप्त प्रशासनिक अनुभवको अभावले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र योजना कार्यान्वयनमा बेलाबेलामा समस्या उत्पन्न हुने गरेका छन् । नगरपालिकाको आधिकारिक

आठबिसकोट नगरपालिका रुकुम (पश्चिम)

निर्णय,पारित कानून तथा नीतिहरुको कार्यान्वयन गर्न जनप्रतिनिधिहरुमा समेत अपेक्षित तत्परताको अभाव देखिएको छ ।

(ङ)भूगोल, जनसंख्या, भौगोलिक विकटता एवम् पछ्यौटेपन, विकासको माग जस्ता जटिलताका आधारमा संघ तथा प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त नहुँदा आर्थिक , सामाजिक, पूर्वाधार क्षेत्रको विकास, वातावरण अनुकूल दीगो विकास, संस्थागत विकास तथा सुशासन लगायतका क्षेत्रहरुको विकासमा चुनौती थपिएको छ ।

(च)प्राकृतिक प्रकोपको हिसाबले योनगरपालिका संवेदनशिल भएकोले प्राकृतिक प्रकोप पीडितलाई समयमै उद्धार , राहत, पुनर्स्थापना र पुनर्निर्माणको कार्यहरु गर्न पर्याप्त बजेटको अभावमा तत्काल अगाडी बढाउन नसक्ने अवस्था सिर्जना भएको छ । बाढी,पहिरो, भूक्षय नियन्त्रण, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका कार्यहरुमा पर्याप्त बजेट उपलब्ध नहुँदा बर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । बाढी पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरु विशेषगरी खारखारा खोला, गिजागाड खोला, धुर्सेनी पहिरोले बर्षेनी जनधनको ठूलो नोक्सानी व्यहोर्नु परिरहेकाले विपद व्यवस्थापनमा समेतयसले चुनौती सिर्जना गरेको छ ।

(छ)नगरमा ३४ प्रतिशत जनसंख्या दलित समुदायको छ । माथिल्लो जातिमा रहेको अहंकार र यसले उत्पिडित समुदायमा पैदा गर्ने हीन भावना र कुण्ठाले जन्माउने विद्रोहले समाजलाई द्वन्द्वको बाटोमा लैजाने संभावना रहिरहेको छ । यस तर्फको चुनौतीलाई कम गर्दै ऐतिहासिक रुपमा उत्पादनका साधन मुख्यत : जमिनबाट विमुख पारिएको र सांस्कृतिक रुपमा सदियौंदेखि उत्पीडनमा राखिएको यो ठूलो समुदायलाई सामाजिक न्याय र समानताको अनुभूतिसहित आर्थिक तथा सांस्कृतिक स मृद्धीको बाटोमा सँगसँगै लैजानु असाध्यै चुनौतीको रुपमा रहेको छ ।

(ज)नगरपालिकाको विविध कठिनाई कारण सामाजिक तथा समावेशीकरण नीति अन्तर्गत लक्षित वर्गको वजेट विनियोजन र कार्यान्वयनमा राष्टिय नीति तथा कार्यक्रम अनुसार क्षमता अभिवृद्विको क्षेत्रमा भन्दा पूर्वाधार विकासमा खर्च हुने गरेकोले लक्षित वर्गहरुको उत्थानमा अपेक्षाकृत नतिजा हासिल हुन सकेको छैन ।

**माननिय सदस्य ज्युहरु,**

अब म आ.ब. २०७९/०८० को मुख्य मुख्य नीति तथा कार्यक्रम प्रस्तुत  गर्दछु :-

संबिधानले परिकल्पना गरेको समाजबाद उन्मूख अर्थ ब्यवस्थाको  निर्माण  गर्नु आजको हाम्रो मुख्य कर्तब्य हो । कोरोना  माहामारीले खडा गरेका चुनौतीहरु वीच भौगोलिक बिकटता , गरिबि, पछ्यौटेपन, कमजोर कार्यसम्पादन क्षमता  , कानुनी अड्चनहरु , परम्परागत कार्यशैली आदिको सामना गर्दै अग्रगमनको गति पैदा गर्नु साँच्चिकै फलामको चिउरा चपाउनु जस्तै  छ । तर जनतालाई साथमा लिएर गरिने कठिनतम संघर्षहरुबाट प्राप्त हुने शिक्षाहरुको आलोकमा  हामी चुनौतिहरुको सामना गर्न      , कर्तब्यहरु पूरा गर्न र समाजवादी अर्थ ब्यवस्थाको जग खडा गर्न सक्षम हुने बिश्वास लिएका छौं । जनताको एकता, श्रम र उत्पादनबाट मात्र समाजवाद बन्ने छ भन्ने हाम्रो दृढ  विश्वास रहेको छ । जनताको साथमा समाजवादी इतिहाँसको  आधारशिला तयार गर्ने ध्ययका साथ यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ ।

**संमृद्ध नेपाल सुखी नेपाली**    बनाउने रास्ट्रिय  संकल्प   **र संमृद्ध कर्णाली  , सुखारी कर्णालीबासी** बनाउने प्रदेश सरकारको सपनालाई हामीले हाम्रो सन्दर्भमा          कार्यान्वयन गर्न"**समृद्ध गाउँ-शहरको रहर,स्वस्थ  ,  सफा,सुशासनयुक्त,समन्यायिक र समाजवाद उन्मूख आठबिसकोट नगर"**  भन्ने मूल नारा तय भएको थियो र यसलाई निरन्तर कार्यान्वयनमा लगिनेछ  ।

दिगो बिकासका लक्ष्यहरुलाई मध्यनजर गर्दै सभ्य र संमृद्ध समाज निर्माणको लागि यसको  आवश्यकता र महत्वको बारेमा आम जनचेतना निर्माण गर्दै सामूहिक रुपमा यी लक्ष्यहरु प्राप्त गर्ने प्रयास जारी राखिनेछ ।  "**सुख र संमृद्धिको लागि एकता र अनुशासन, श्रम र उत्पादनको लागि युवा परिचालन** "को नीति कार्यान्वयन गरिनेछ । सार्वजनिक निर्माणमा युवाजनशक्तिको प्रयोग र परिचालन      मा  जोड   दिईनेछ ।साँस्कृतिक रुपान्तरणको अभियानलाई निरन्तर अगाडि बढाईनेछ । जातीय अहंकार वा हिन भावनाको समूल अन्त्य गर्दै समतामूलक, नैतिकवान र श्रमशिल समाज निर्माणको लागि निरन्तर अभियानहरु संचालन गरिनेछ । यस वर्ष          कृषि तथा पशुपालनको क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी     **कृषि उत्पादनमा वृद्धि र कृषी उपजको प्रशोधन तथा बजारीकरणमा लगानी वृद्धि** गर्दै निर्यात उन्मुख कृषि प्रणालीको

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

विकासमा विशेष जोड गरिनेछ । दुध, फलफुल, मसला तथा मासुजन्य उत्पादन तथा निर्यातलाई प्रवर्द्धन गर्दै **ग्रामिण अर्थतन्त्रको सवलीकरणमा जोड** गरिनेछ । सबै खेतीयोग्य जमिनमा **सिचाई सेवा** उपलब्ध गराउन जोड गरिनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माण एवं सार्वजनिक यातायातमा नगरपालिकाको सहभागिता सहित ब्यवस्थापन गर्ने नीति लिईनेछ ।

अव म बिषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु :-

## १) सामाजिक बिकासको क्षेत्र

### क. शिक्षा सम्बन्धि नीतिः-

**गुण स्तरीय शिक्षा नगरबासीको इच्छा** भन्ने नाराका साथ सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाईनेछ । सबै नगरबासीलाई भविष्यप्रति आशावान, सभ्य, सुसस्कृत, योग्य, प्रतिस्पर्धी उद्यमशिल, सिर्जनशील र आत्मविश्वासी नागरिक बनाउने यस नगरपालिकाको शिक्षा निति हो ।राष्ट्रिय आवश्यकता र अन्तराष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी विषयगत क्षेत्रगत जनशक्ति उत्पादन गरिनेछ। विकास निर्माण र सामाजिक सेवाका क्षेत्रमा विशेषज्ञ जनशक्तिको अभाव रहेको छ।आवश्यक जनशक्ति विकासका लागि कृषि तथा वन पर्यावरण,विज्ञान तथा प्रविधि चिकित्सा, आयुर्वेद, पर्यटन, ईन्जिनियरिङ्ग लगायतका विशिष्टीकृत विधामा उच्च शिक्षा अध्ययनको लागि छात्रवृतिको व्यवस्था मिलाईनेछ। म बनाउछु मेरो गाउ अभियान सञ्चालन गरि नगरपालिकाद्धारा नियुक्त करार स्वयं सेवक शिक्षकलाई विकास निर्माण तथा शैक्षिक विकास सम्बन्धि काममा नगरपालिकाभर सञ्चालन गरिनेछ। विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने सुनिश्चित गरिने छ।बालबालिकालाई विद्यालय ल्याऔ र पढाईमा टिकाऔ कार्यक्रमलाई थप प्रभावकारी बनाई नगरपालिकाभर अभिभावक शिक्षा सञ्चालन गरिने छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत शिक्षण संस्थाको भौतिक पुर्वाधार तथा सिकाई सुविधामा सुधार गरिनेछ।यस कार्यक्रममा वैज्ञानिक अनुसन्धान,प्रविधिको विकास तथा नवप्रवर्तन एवं बौद्धिक प्रतिभाहरुलाई प्रोत्साहन लगायतका कार्यहरु समावेश गरिनेछ।नयाँ प्रविधि र ज्ञानको विकास एवं विस्तारका लागि अनुकुल वातावरण सिर्जना गरी लगानी गरिनेछ।

सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाईने छ। सबै विद्यालयहरुमा जस्ता पाता मुक्त कार्यक्रम लागु गराइने छ ।सारवजनिक विद्यालयको समग्र सुधारका लागि नतिजामुलक अनुगमन,मुल्याङ्कन पृष्ठपोषणलाई थप सुदृढ गरिनेछ।
विद्यालयस्तरमा विज्ञान शिक्षालाई प्रभावकारि र रुचिकर बनाउन वैज्ञानिक सिकाई विधिमा जोड दिईने छ।हरेक माध्यमिक विद्यालयहरुमा क्रमश.विज्ञान प्रयोगशाला स्थापना गरिनेछ।प्राविधिक जनशक्तिको अभाव हटाउन प्राविधिक शिक्षा विस्तार गरिनेछ।आठविसकोट नगरपालिकामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालियहरुको स्तरोन्नति गरिनेछ। नगरपालिकाले निर्माण गरेको स्थानिय पाठयक्रममा नगरपालिकाको गौरव,संस्कृत,सभ्यता,मुल्य मान्यता,सामाजिक एकताको संम्वर्द्धन एवं नागरिकको कर्तव्यबोधका विषयहरु समेत समावेश गरिनेछ।पाँच वर्षमुनिका बालबालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकामा सञ्चालित प्रराम्भिक केन्द्रमा कार्यरत सहयोगि कार्यकर्ताको क्षमता विकास गर्नुका साथै प्रोत्साहित गरिनेछ ।सार्वजनिक माध्यमिक विद्यालयमा क्रमश...सुचना प्रविधि प्रयोगशाला र ईन्टरनेट सुविधा पुर्याई शिक्षामा आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ।यसै वर्ष आठविसकोट नगरपालिकामावडा नं. ९ मा रहेका श्री बालकल्याण माध्यमिक विद्यालय आठविसकोट, श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालय राडी र श्री दिपज्योती आधारभूत विद्यालय राडीलाइ समायोजन गरी नमूना विद्यालयको रुपमा विकास गरिनेछ । बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पुरा नगरी बीचमा नै कक्षा छोडने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ६ सम्मका सबै बालबालिकालाई दिवाखाजा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक पठनपाठनको अतिरिक्त विविध नगरस्तरिय प्रतियोगिता र खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा सहभागि हुन प्रोत्साहित गरिनेछ।

विद्यालयको सर्वाङ्गिण विकासको लागि विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम र भ्रमणको व्यवस्था गरिनेछ ।सामुदायिक विद्यालयहरुमा सूचना प्रविधिलाई विस्तार गर्दै आधुनिक प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइनेछ ।

## ख. युवा तथा खेलकूद सम्बन्धि नीति :-

**युवाको शक्ति श्रम र उत्पादन नगर सम्बृद्धीको उद्घाटन** भन्ने नाराका साथ सार्वजनिक निर्माणमा युवाहरुको सहभागिता र नेतृत्व स्थापना गर्न बिशेष पहल गरिनेछ । श्रम सहकार्य र सहकारी अवधारणा अनुरुप प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रममा युवा सहभागितामा जोड गरिनेछ । उधोग ,ब्यवसाय आदिमा युवा शक्तिको परिचालन गर्ने नीति लिईनेछ । बिधालय स्तरिय खेल प्रतियोगिताहरुलाई निरन्तरता दिईनेछ । खेल मैदानहरुको निर्माण, खेल सामाग्रीहरुको बितरण आदि कार्यहरुलाई निरन्तरता दिईनेछ । खेलाडी उत्पादन र क्षमता विकासमा विशेष जोड दिइने छ ।

## ग. स्वास्थ्य सम्बन्धि नीति-

**स्वास्थ्यमा लगानी स्वस्थ जिन्दगानी** भन्ने नारालाई आत्मसाथ गर्दै सबै नगरबासीको पहुँचमा विस्तार भएको स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाइने छ । प्रवर्धनात्मक स्वास्थ्य सेवाको विस्तारमा विशेष अभियान चालिने छ ।नगर अस्पतालमा भौतिक पूर्वाधार तथा औजार उपकरण व्यवस्थित गरी विशेषज्ञ सेवा थप गरिनेछ । विषेशज्ञ सेवा सुचारु भएका आँखा उपचार, आयुर्वेद सेवालाई थप व्यवस्थित बनाउदै थप सेवाको रुपमा हाडजोर्नी सि. एस.र दाँत उपचार सेवा समेत संचालनमा ल्याइनेछ । आठविसकोट नगर अस्पताललाई टिचिङ अस्पतालको स्वरुपमा बनाई प्राविधिक स्वास्थ्य विषयको पठनपाठन हुने व्यवस्थाको लागि पहल थालिनेछ ।

सबै स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको मापदण्ड निर्माण गरि लागु गरिनेछ र स्वास्थ्यप्रद ज्ञान,सीप,धारणा र व्यवहारको अवलम्बनका लागि स्वास्थ्यकर्मी परिचालन गरिनेछ । टेलिमेडिसिन सेवालाई गोतामकोट,स्यालाखदी र ज्यामिरकोटमा रहेका स्वास्थ्य चौकीहरुमा विस्तार गरिनेछ । गोतामकोट र स्यालाखदि स्वास्थ्य चौकीलाई ल्याव र यु.एस.जी. तथा सःशुल्क फार्मेसी सेवा सहितको बनाइनेछ ।

नगर अस्पतालको लागि थप एउटा एम्बुलेन्स खरिद गरी संचालनमा ल्याइनेछ । नगरपालिकाका सबै घर परिवारलाई **स्वास्थ्य विमा कार्यक्रम** मा आवद्ध गरी सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा पुर्याइनेछ । बिपन्न परिवारको लागि स्वास्थ्य बिमा

गरिदिने कार्यक्रमलाई निरन्तरता दिईनेछ । सबै नागरिकको **ब्लड प्रोफाईल(Blood Profile)** तयार गरि भैपरि आउने आपतका लीन अवस्थाको लागि रगतको सहज आपूर्ति हुनसक्ने आबस्यक प्रबन्ध गरिनेछ ।

**घ.सामाजिक सुरक्षा तथा समावेशीकरण सम्बन्धी नीति :-**

बालबालिका, अपांगता भएका व्यक्तिहरु, वृद्ध-वृद्वाहरुलगायत लक्षित वर्गको संरक्षण, सशक्तिकरण र क्षमता विकासका लागि सामाजिक सुरक्षा र सम्मानको ब्यवस्था गरि नेछ । सदियौं देखि पछी पारिएका महिलाहरुको आर्थिक ,सामाजिक,साँस्कृतिक रुपान्तरणमा बिशेष जोड दिइनेछ । नारी दिवस तथा लैगिक हिंसा विरुद्ध सञ्चालन गरिने विभिन्न जनचेतनामूलक दिवसीय कार्यक्रमहरुलाई प्रभावकारी,फलदायी तथा परिणाममुखी बनाइनेछ । नगरपालिकामा गठित विभिन्न महिला सहकारी तथा समुहलाई सकृय,जुझारु बनाउनबिभिन्न सीपमुलक तालिम तथा क्षमता अभिवृद्धी गराई रोजगारी र आयआर्जनमा जोड दिइनेछ । यूगौं देखि पछि पारिएका दलित ,महिला तथा अन्य महिलाहरुको जिवनस्तर माथि उकास्न विशेष पहल गरिनेछ । महिलाहरुलाई शसक्तीकरण गर्न विभिन्न कार्यक्रम ,तालिम गोष्ठी गर्नको लागी महिलाहरुको नगर स्तरिय आफ्नै भौतिक संरचना निर्माण गरिनेछ ।

सहिद तथा वेपत्ता योद्वाका परिवार, घाइते योद्वाहरुको यथोचित व्यवस्थापन तथा द्वन्द्व पर्भावित व्यक्तिहरुको यठोचित र दिगो व्यवस्थापन तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ । टुहुरा बालबालिका, विशेष क्षमता भएका बालवालिकाहरको संरक्षण एवम् पठनपाठनको आवश्यक व्यवस्थापन गरिनेछ । महिला, दलित, आदिवासी जनजाति, पिछडीएको क्षेत्रका अगुवा कार्यकर्ताहरुको क्षमता विकासको लागि तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।

वालविवाहलाई अन्त्य गर्न उमेर पुगी विवाह गर्ने जो डीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने निती लिइनेछ । समाजमा जगेडिएर रहेका महिला विरुद्धका विभिन्न कुरिती कुसंस्कार विरुद्ध रेडियो कार्यक्रम,विज्ञापन र सडक नाटक जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । अति गरिव एकल महिलाहरुको जिविकोपार्जनका लागी अनुदान रकमको व्यवस्था गरिनेछ । विभिन्न स्तरका महिलाहरुका लागी क्षमता अभिवृद्धी तथा नेतृत्व विकास जस्ता तालिमहरु संचालन गरिनेछ । हिंसाबाट पिडीत महिलाहरुलाई मनोपरामर्श सेवाको व्यवस्था गरिनेछ ।

## <u>२) पूर्वाधार बिकासको क्षेत्रः-</u>

### क.सडक तथा पुल-पुलेसाः-

नगर भित्रका सबै सडकको समयमै मर्मत संभार गरिनेछ । दाँजे-खदि सडक निर्माण गर्न बिशेष पहल गरिने छ । वडा नं.१ ,२ र ३ लाई आ.ब.२०७९/ ०८० भित्र जोड्न प्रयास केन्द्रित गरिनेछ । पहाडा, पाटागाउ, छिमि, जागे जलिगार जस्ता दुर दराजका गाउंहरु सम्म सडक संजाल पुर्याउन निर्माण कार्य अगाडि बढाइएकोमा निरन्तरता दिइने छ । नगर सडक यातायात गुरुयोजना अन्तर्गतका परेका खोला , नदीहरुमा मोटर पुल निर्माणको पहललाई थप तिब्रता दिईने छ । लामो सूचीअन्तर्गतका झो.पु.हरुलाई प्राथमिकताको आधारमा निर्माण कार्य जारी राखिनेछ । नगरपालिका भित्रको सार्वजनिक यातायातको असहजता तथा कठिनाई हटाउन नगरपालिकाले केहि मुख्य रुटमा बस सेवा संचालन गरिनेछ । राडीज्यूला बजार क्षेत्रलाई टाउन प्लानिङ गरी व्यवस्थित शहरी बनाउन पहल गरिने छ र कालोपत्रे गर्ने कार्यलाई द्रूत गतिमा अगाडि बढाइने छ ।

### ख.सिंचाई खानेपानी तथा सरसफाईः-

**सिचाइ खानेपानी र सरसफाई भोक रोग र अभाव सवै बाइबाई** भन्ने नाराका साथ सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था गरिने छ । प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना पूरा गरिनेछ । राडि ज्युलाको खानेपानी तथा बगर सिंचाईको ब्यवस्था पुरा गरिनेछ । वर्षौं पूरानो चौर सिंचाई आयोजना संचालनमा ल्याईने छ । चोभाखोला, अनाह, होली, चिला, घारीखोला, गैरीचौर, बाँकेज्युला र राडीज्युला बगर सिंचाई योजना पुरा गरिने छ । किबी तथा ओखर पकेट क्षेत्रमा सिंचाई आयोजना संचालन गरिनेछन् । एक घर एक धारा निर्माण कार्यलाई तीव्र रुपमा अगाडी बढाइने छ । घर आँगन टोल बस्ती सरसफाइको लागि विशेष अभियान चालिने छ ।

### ग.विद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति-

कोभिड -१९ को कारण ग्रामीण बिधुतिकरणमा केहि ढिला भए तापनि आ.ब.२०७९/०८०भित्र नगरका सबै वडामा केन्द्रिय प्रशारण लाईनकोविद्युतपुर्याईनेछ ।

नगरपालि भित्र विद्युत उत्पादनको संभाव्यता अध्ययन गर्ने कार्यलाई अगाडि बढाइने छ । वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन र सहुलियत प्रदान गरिने छ ।

**घ.सूचना तथा संचार सम्बन्धी नीतिः-**

आ.ब.२०७९/०८०भित्र नेटी लेखको टावर संचालनमा ल्याउन , घेत्माको टावरमाविद्युतब्यवस्थापन गरिफोर.जी .(4G) सेवा संचालन गर्न , राडीज्युला सम्म अप्टीकल फाईबर लाईन पुर्याउन र ल्याण्ड लाइनको बितरण गर्न तथा राडिज्युलामा थप टेलिफोन टावर संचालन गर्ने कार्य नेपाल टेलिकम मार्फत सम्पन्न गरिनेछ । थप केहि सार्वजनिक बिधालयमा इन्टरनेट जडान गरिनेछ ।

**ङ. भवन तथा निजी आवास सम्बन्धी नीतिः-**

राष्ट्रिय भवन संहिता सम्बन्धी नीति पूर्ण रुपमा पालना गर्ने नीति लिइनेछ । नक्सापास पास नगरी घर टहरा निर्माण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । विद्यालय लगाएत सबै सार्वजनिक निकायहरुमा भूकम्प प्रतिरोधी पक्की भवननिर्माण गर्ने नीति रहनेछ । नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य थालनी गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत संघीय तथा प्रदेश सरकारको समन्वय तथा सहयोगमा नगरपालिकाका सबै असुरक्षित तथा फुसका छाना भएका नीजि घरहरु टिनको छाना मार्फत विस्थापन गर्ने कार्यलाई यस आ.व मा पनि निरन्तरता दिइ नेछ । जोखिमयुक्त क्षेत्रको पहिचान गरी ब्यवस्थित आवास क्षेत्र निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ । एकिकृत वस्ती निर्माण कार्यलाई उच्च प्राथमिकता दिइ कार्यान्वयनमा लिइनेछ ।

**३)आर्थिक बिकासको क्षेत्रः-**

**आयातबाट उत्पादन तर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ र वञ्चितिकरणबाट समावेशीता**तर्फको प्रस्थान मार्ग रहेको संघीय सरकारको बजेट निर्माणको मूल मर्मलाई आत्मसाथ गर्दै आर्थिक विकासको क्षेत्रलाई नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ ।जनताको एकता, श्रम र उत्पादन नै आर्थिक बिकासको आधार हो । सामूहिक श्रम र नविनतम प्रविधिहरुको प्रयोग मार्फत उत्पादन बृद्धि गर्दै समाजबाद उन्मुख आर्थिक

बिकासको आधार तयार गर्नु नगरको मूल आर्थिक नीति हुनेछ । यहि नीति अन्तर्गत विभिन्न क्षेत्रको बिकासमा जोड रहनेछ :-

**क. कृषि तथा पशुपालन सम्बन्धी नीति :-**

**स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धिः समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि** भन्ने मूलनाराको परिधीमा रही **कृषि क्षेत्रको रूपान्तरण र रोजगारी वृद्धिः निरपेक्ष गरिबीको अन्त्य र आर्थिक समृद्धि** भन्ने कृषि क्षेत्रको नारालाई आत्मसाथ गर्दै कृषि तथा पशुपालन क्षेत्रलाई नगरपालिकाले पहिलोप्राथमिकतामा राखेको छ । नेपालको कृषि क्षेत्रको रूपान्तरण गरीउत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न , निर्यात प्रवर्द्धन र आयातप्रतिस्थापन गर्न,अर्थतन्त्रलाई आत्मनिर्भर बनाइ निरपेक्ष गरिबी निवारणगरिने छ ।**कृषि उत्पादनमा वृद्धि र कृषी उपजको प्रशोधन तथा बजारीकरणमा लगानी वृद्धि** गर्दै निर्यात उन्मुख कृषि प्रणालीको विकास विशेष जोड गरिनेछ । दुध , फलफुल , मसला तथा मासुजन्य उत्पादन तथा निर्यातलाई प्रवर्द्धन गर्दै **ग्रामिण अर्थतन्त्रको सवलीकरणमा जोड** गरिनेछ । सबै खेतीयोग्य जमिनमा **सिचाई सेवा** उपलब्ध गराउन जोड गरिनेछ ।कृषि तथा वनजन्य उपजहरुको प्रशोधनको लागि निर्माणाधिन उद्योगलाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । उद्योग ग्राम स्थापना गरि थप उद्योग स्थापना गर्न जोड गरिनेछ ।दैनिक जीवनयापन गर्न मुश्किल गरिवीको रेखामूनी रहेका घर परिवारहरुको आर्थिक स्थितिमा सुधार गर्न गरिवी तथा विपन्नताको रेखाबाट बाहिर निकाल्न विशेष परियोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

आगामी आर्थिक वर्ष **आत्मनिर्भरताको लागि कृषि उत्पादनको नगर अभियान वर्ष** हुनेछ। यस अभियान अन्तर्गत आन्तरिक उत्पादन बढाउन **आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम**सञ्चालन गरिनेछ। नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रकोरूपमा विकास गरिनेछ। किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित गरिने छ । खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादनबढाइनेछ। कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि यस क्षेत्रकोव्यावसायीकरण , यान्त्रिकीकरण र आधुनिकीकरण गरिनेछ। कृषकहरूलाई सरल र सहज रूपमा बिउ , मल, प्रविधि र सिँचाइ सुविधा उपलव्ध गराउने, सहुलियतपूर्णकर्जा प्रदान गर्ने , कृषि बीमा विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने , कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने , कृषि उत्पादन ढुवानीका लागिकृषि एम्बुलेन्सको

व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने , कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहलेतोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिदगर्ने प्रत्याभुति गरिनेछ।प्राविधिक ज्ञान उपलब्ध गराउन पालिका तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेकाएक एक जना जनशक्ति तथासबै वडामा कृषि प्राविधिक उपलव्ध गराउने व्यवस्था मिलाइने छ । प्राविधिक र आर्थिक दृष्टिकोणबाट सम्भाव्यविभिन्न बाली तथा वस्तुका जोनहरू निर्धारण गरिने छ । किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न **किसानसँग सरकार कार्यक्रम** अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरूवात गर्न **किसानहितकोष**स्थापना गरिनेछ। किसानपरिचयपत्रको आधारमा किसानहरूलाई सार्वजनिक सेवामा सहुलियत तथा छुट प्रदानगर्ने व्यवस्था मिलाइनेछ।

धान, गहुँ, मकै र दूध लगायतका कृषिउत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ। उक्त मूल्यमा तोकिएका खाद्यान्नबाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी मार्फत निर्यातको व्यवस्था मिलाइने छ । पशुपन्छी तथा मत्स्यपालनका लागि आवश्यकउन्नत नश्ल् , माछाका भुरा, उन्नत घाँसका बिउ , बेर्ना, दाना, औषधी, खोपलगायतका सामग्रीहरू नियमित रुपमा आपूर्तिको व्यवस्था मिलाइने छ । पशु नश्लसुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु सेवा केन्द्रको क्षमता सुदृढीकरण गरी कृत्रिम गर्भाधानसेवा उपलब्ध गराइनेछ। कुखुरा लगायत पशुपन्छीको खोपको आयातमा सहजीकरणगरिनेछ।जलवायु परिवर्तन , रोग/किराको प्रकोपएवं प्राकृतिक विपद्हरूबाट कृषि , पशुपन्छीपालन तथा मत्स्य क्षेत्रमा रहेकोजोखिम न्यूनीकरणका लागि पशुपन्छी बीमा लगायतका अनुकूलन व्यवस्थापनकाकार्यक्रमहरू सञ्चालन गरिनेछ। विक्रम सम्वत् २०७९लाई**कृषि जैविक विविधता वर्ष**को रूपमा मनाइनेछ। कृषि बाली तथा पशु बीमाको व्यवस्था मिलाइने छ ।

**ख.उद्योग तथावाणिज्य सम्बन्धी नीति-**

**"कृषिका आधारित उद्योगको वृद्धि,आठविसकोट नगरको समृद्धि** "को मूल नारामा आधारित रही उद्योग तथा वाणिज्य नीति निर्देशित रहनेछ । उत्पादनका साधन माथि किसान मजदुरहरुको सामूहिक स्वामित्व विना समाजवादको जग उठाउन संभव नहुने कुरामा हामी स्पष्ट छौं । तसर्थ, सबैजसो उधोगहरुको स्थापना र संचालनमा सामूहिक स्वामित्व स्थापित

गर्न जोड गरिनेछ ।  त्यसका साथै नीजि सहकारी र सरकारीक्षेत्रसहितको  साझेदारीमा उद्योगहरुको संचालन गरिने छ ।उधोगहरुको लागि विद्युतको ब्यवस्था गर्न जोड गरिनेछ ।

आम रुपमा नगरका नागरिकहरुलाई उद्धमी बन्न प्रेरित गर्न उद्धम व्यवसाय सम्बन्धी तालिम संचालन गरिने छ ।  स-साना परम्परागत उधोगहरुलाई आधुनिकीकरण गर्दै स्वरोजगार सृजना हुने गरि प्रबिधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ । बजार भाउ तथा महंगी नियन्त्रण गर्न र गुणस्तरीय उपभोग्य सामाग्रीको बिक्रिबितरण हुने ब्यवस्था गर्न निरन्तर निगरानी र प्रयास जारी रहनेछ ।

नगरपालिकामा निर्माणाधिन उद्योगहरुलाई संघीय तथा प्रदेश सरकारको समन्वयमा आ.व. ०७९/०८० भित्र सञ्चालनमा ल्याईनेछ । कर्णाली वेभरेज, स्यार्पू हाइड्रो, स्यार्पू कृषी कम्पनी र काष्ठ उद्योगमा नगरपालिकाले शेयर लगानी गरी मुनाफा लिने रनगरपालिकाको आम्दानी बढाउने प्रकृयाकोसुनिश्चित गरिनेछ । यि उद्योगहरुका लागि आन्तरिक तथा बाह्य ऋणको व्यवस्था गर्ने नीति लिइनेछ ।

**ग.संस्कृति तथा पर्यटन सम्बन्धी नीतिः-**

**“विभेदरहित समाजको निर्माण सामाजिक मुल्य मान्यता र संस्कृ तिको सम्मान”** भन्ने नारामा केन्द्रित हुदै अवशेषको रुपमा रहेको सामाजिक विभेदको रुपमा रहेको जातीय विभेदलाई न्यूनिकरण गर्न सामाजिक सुरक्षा तथा रुपान्तरण  सम्बन्धी कार्यक्रमहरु अगाडि बढाईनेछ । परम्परागत लोक संस्कृतिको संरक्षण र बिकासको लागिबिभिन्न प्रतियोगिताहरुको आयोजना , वाद्यवादनका सामाग्री हस्तान्तरण  लगायतका कार्यक्रमहरु गरिनेछ । सामाजिक कार्य र संस्कारहरुको कार्यान्वयन सहजताको लागि केही पूर्वाधारको विकास गरिनेछ ।

कोरोना माहामारीको कारण पर्यटकिय गतिबिधिमा अंकुश लागेको अवस्था छ ।  संघ तथा प्रदेश सरकारको समन्वय तथा साझेदारीमा आत्रेय ऋषिको मन्दिर निर्माण, साईकुमारी मन्दिर तथा काँडा दह  क्षेत्रको बिकास , राडिज्युलामा लक्ष्मीनारायणको मन्दिर निर्माण तथा अन्य केहि स- साना मन्दिरको संरक्षण तथा  पुननिर्माणगरिनेछ । ठुलाकोट दरवार क्षेत्र ,

आठबिसकोट नगरपालिका, रूकुम (पश्चिम)

नयाँडाँडा,साततले गुफा लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पूर्वाधार निर्माण कार्य अगाडि बढाइने छ ।

**घ.सहकारी,गरिबी निवारण तथा रोजगार ब्यवस्थापन स्बन्धी नीतिः-**

समाजबाद उन्मूख अर्थब्यवस्थाको आधारको रुपमा सहकारीहरुलाई प्रोत्साहन गर्दै उत्पादनमूलक क्षेत्रको मुख्य संगठन तथा बिकसित गर्दै लगिनेछ । सहकारीको माध्यमबाट गरिबी निवारणको लागि बिभिन्न आर्य आर्जन मूलक कामहरुलाई ब्यवस्थित गरिनेछ ।

स्वरोजगार मूलक उधमहरुको बिकासमा जोड गरिनेछ । सार्वजनीक निर्माणको क्षेत्रमा रोजगारी सृजना हुने गरि ब्यवस्थापन गरिनेछ । प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रमको प्रभावकारी संयोजन गर्न रोजगार ब्यवस्थापन गर्न रोजगार सूचना तथा ब्यवस्थापन इकाई संचालन गरिनेछ ।

**४) बन, वातावरण, भू-संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति-**

नगरपालिका भित्रको वन क्षेत्रमा पाइने जडिबुटी सम्बन्धी अध्ययन प्रतिवेदनलाई लागु गरिने छ । बन क्षेत्रको अध्ययन गरिने छ । औषधी जन्य, मसलाजन्य, रेसादार र काष्ठ जन्य वन पैदावार कुन क्षेत्रमा के कति छ र व्यावसायिक उत्पादनको संभावना के कस्तो छ भन्ने सन्दर्भमा अध्ययन गरि एक प्रतिवेदन तयार गरिनेछ ।सार्वजनिक निर्माण कार्यले वातावरणमा पारेको नोक्सानीलाई कम गर्न वृक्षारोपण, तटबन्ध निर्माण आदीमा जोड गरिनेछ । आम वातावण स्वस्थ राख्न वास प्लान ( WASH PLAN)को कार्यान्वयनमा जोड गरिनेछ । जलवायू अनुकुलनका गतिविधीहरु सञ्चालनमा रहनेछन ।नगरपालिकाका घना बस्तीहरुमा ढलनिकासको प्रबन्ध गरिनेछ । नगरपालिकाको केन्द्र रहेको बजार क्षेत्रको फोहोहरमैला व्यवस्थापनको लागि डिपीआर भएको स्थानमा ल्यान्डफिल्ड साईटनिर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

**५) संस्थागत विकास सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिः-**

**क. संगठनात्मक विकास तथा मानव संशाधन, संस्थागत क्षमता विकास,स्रोत परिचालन र सुशासन :**

सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राहीमुखी बनाउन विशेष जोड दिइने छ । सार्वजनिक प्रशासनलाई स्वच्छ , सेवामूखी, छरितो तथा पेशागत अनुशासनप्रति प्रतिबद्ध बनाईनेछ । सेवा प्रबाहलाई छरितो बनाउन प्रबिधिको प्रयोगमा बिषेश जोड गरिनेछ । अनलाइनमार्फत रकम भुक्तानी हुने व्यवस्था मिलाइने छ । भ्रष्टाचारजन्य गतिबिधि वा मनोमानी खर्चलेख्रेएवं सार्वजनिक सम्पत्तिको लापर वाहीपूर्ण प्रयोग गर्ने प्रबृत्तिप्रति शुन्यसहनशिलताको नीति रहनेछ । बजेट र सबै सार्वजनिक सम्पत्ति हामीले संरक्षण र सहि सदुपयोग गर्नु पर्ने जनताको नाँसो हो । यस प्रति लोभ देखाउने वा कुदृष्टि राख्ने जोकोहिलाई कार्वाहीको प्रक्रियामा लगिनेछ । सबै सार्वजनिक खरिद प्रक्रियाहरुलाई पूर्णत प्रतिस्पर्धात्मक बनाईनेछ । सार्वजनिक निर्माणको कार्यमा जनसहभागिता सुनिश्चित गरिनेछ ।सार्वजनिक सुरक्षाको प्रबन्ध गर्न सुरक्षा संयन्त्रको परिचालन र सहकार्यलाई थप ब्यवस्थित गरिनेछ । राज्यको नीति र नगरपालिकाको आन्तरिक राजस्व क्षमताको आधारमा नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको समयानुकल सेवा सुविधामा वृद्धि गरी दिलो ज्यानले तोकिएको कार्यक्षेत्रमा खट्ने वातावरणको सिर्जना गरिनेछ । कार्य सम्पादनमा कमजोर देखिएका कर्मचारीहरुको सेवा करार बदर गरिने छ । कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको समेत व्यवस्था गरिने छ ।

सूचना तथा तथ्यांक ब्यवस्थापनको कार्यलाई थप ब्यवस्थित गरिनेछ । सबै शाखा तथा वडा कार्यालयहरुबाट भएका कामहरुको मासिक प्रतिबेदन तोकिएकोसमयमै हुने ब्यवस्था गरिनेछ । कार्यसम्पादन क्षमता अभिबृद्धिको लागि बिभिन्न पेशागत तथा क्षमता विकास तालिमहरु संचालन गरिनेछ । प्राबिधिक सेवाका कर्मचारीहरुलाई बिभिन्न स्तरका तालिममा सहभागि हुने ब्यवस्था मिलाईनेछ । कार्यालय ब्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाईनेछ ।

सामाजिक उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई तथा सबै कामकाजको सार्वजनिकिकरण ३/३ महिनामा गर्ने ब्यवस्था मिलाइने छ। सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सूचना प्रबाहका माध्यमहरु , रेडियो, छापा, मिडिया , सामाजिक संजाल आदिको प्रयोगला ई प्रोत्साहन गरिनेछ ।राज्यको चौंथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रको बिकास तथा प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

### ख. सरकारी तथा गैह्र- सरकारी संस्था सम्बन्धी नीति-

नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुको अभिलेखिकरण गरिने छ । ती संस्थामार्फत भए गरेका योजना तथा कार्यक्रमहरुको अवस्था मूल्याङ्कन गरिने छ । योजनाहरुको अनुगमन तथा मुल्यांकनमा नगरपालिकाको सहभागिता हुने ब्यवस्था गरिनेछ । सबै गैह्र सरकारी क्षेत्रका संघ संस्थाहरुले नगरपालिकामा कार्यन्वयन हुने आयोजनाहरुको बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउने प्रबन्ध गरिनेछ ।

**ग.समन्वय तथा सहकार्य सम्बन्धी नीति-**

संविधानमा उल्लेख भएको क्षेत्राधिकारलाई प्रयोग गर्दै संघ ,प्रदेश र स्थानिय तह वीच समन्वय, सहकार्य र सह अस्तित्वको अवस्था सृजना गर्न सके मात्र संघिय व्यवस्था भित्र जनताका अपेक्षाहरु सजिलो संग पूरा गर्न सकिन्छ । तसर्थ,नगर सरकार माथिल्लो तहका सरकारहरुसंग सहकार्य र समन्वय गर्न निरन्तर प्रयत्नरत रहनेछ । साथै , नगरपालिकाको अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा एक समन्वय इकाई खडा गरि कार्य को थालनी गरिनेछ ।

अन्त्यमा,यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्रदान गर्नुहुने आठबिसकोट नगरबासी सम्पूर्ण जन समुदायप्रति हार्दिक आभार ब्यक्त गर्दछु । नगरको समृद्धिको सपना पूरा गर्न अहोरात्र क्रियाशिल सबै जनप्रतिनिधीहरु, राष्टसेवक कर्मचारीहरु, सुरक्षाकर्मी तथा पत्रकारहरु सबैलाई धन्यबाद दिन चाहन्छु ।

यो नीति तथा कार्यक्रम निर्माणमा बिशेष मार्गदर्शन गर्नुहुने तथा नगर बासीका ज्वलन्तसमस्या र अप्ठ्याराहरु हटाउन निरन्तर नगरपालिकासंग सहकार्य गर्नुहुने नेपाल सरकारका अर्थमन्त्रीमा. श्री जनार्दन शर्मा (क.प्रभाकर)लाई यो अवसरमा यहाँका जनताको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु । कर्णाली प्रदेश सभा सदस्य माननीय रातो कामीप्रति हार्दिक आभार प्रकट गर्दछु । महत्वपूर्ण राय सुझावहरु सहित विशेष निर्देशन दिनुहुने निवर्तमान नगर प्रमुख श्री गोर्ख बहादुर केसी "सन्देश" ज्यूमा हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा विभिन्न माध्यमबाट सुझाव सल्लाह दिनुहुने बिभिन्न संघ - संस्थाहरु, शाखाहरु, राजनैतिक दलहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।



आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)

मिति : २०७८/०३/०८

------------------------------ **धन्यवाद** ---------------------------------------

आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम)